# प्रदेश राजपत्र

बागमती प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ८) हेटौंडा, नेपाल, वैशाख १३ गते, २०८१ साल (सङ्ख्या ०२


## भाग २

## बागमती प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

## हेटौंडा, नेपालको

## सूचना

### बागमती प्रदेश उच्च शिक्षा (पहिलो संशोधन) नियमावली, २०८१

**प्रस्तावनाः** बागमती प्रदेश उच्च शिक्षा नियमावली, २०७९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

बागमती प्रदेश सरकार मन्त्रिपरिषद्ले यो नियमावली बनाएको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस नियमावलीको नाम "बागमती प्रदेश उच्च शिक्षा (पहिलो संशोधन) नियमावली, २०८१" रहेको छ।

(२) यो नियमावली राजपत्रमा प्रकाशित भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. **<u>बागमती प्रदेश उच्च शिक्षा नियमावली, २०७९ (यसपछि मूल नियमावली भनिएको) को नियम १२ मा संशोधनः</u>** मूल नियमावलीको नियम १२ को उपनियम (८) को सट्टा देहायको उपनियम (८) राखिएको छः-

"(८) जाँचबुझ कार्यदलले जाँचबुझ गर्दा मापदण्ड वा शर्त पुरा नभएका शिक्षण संस्थाको हकमा निश्चित अवधि तोकी मापदण्ड पुरा गरी पुनः आवेदन गर्न निर्देशन दिन सक्नेछ।

तर ऐनको दफा ८ को उपदफा (६) बमोजिमका संस्था तथा ऐनको दफा ९ को उपदफा (४) बमोजिमका क्याम्पसले प्रतिष्ठानको रूपमा स्थापित भइ प्राज्ञिक/शैक्षिक कार्यक्रम सञ्चालन गर्न आवेदन दिएमा ऐनको अनुसूचीको क्रम सङ्ख्या २ को खण्ड (ख), (ग) र (घ) बमोजिमका भौतिक पूर्वाधार सोही प्रकरण अन्तर्गतका शैक्षिक आधारहरूमध्ये खण्ड (क), (ख), (ग) र (घ) तथा अन्य आधारहरूमा खण्ड (क) को क्रम सङ्ख्या (१) देखि (४) सम्मका विषयहरूमा मात्र अङ्कभार विभाजन गरी मूल्याङ्कन गरी प्रतिष्ठान स्थापनाका लागि सिफारिस सहितको जाँचबुझ प्रतिवेदन दिन सक्नेछ।"

३. **<u>मूल नियमावलीको नियम १३ मा संशोधनः</u>** मूल नियमावलीको नियम १३ को उपनियम (२) को सट्टा देहायको उपनियम (२) राखिएको छः-

"(२) उपनियम (१) बमोजिमको प्रतिवेदनमा मापदण्ड पुरा भइ योग्य देखिएको संस्थाको हकमा मूर्त वा अमूर्त सम्पत्तिको हकभोग तथा स्वामित्व हस्तान्तरण, दर्ता, सम्बन्धन तथा सम्झौता पुनरावलोकन एवम् सङ्घीय कानूनबमोजिम सम्बन्धित नियामक निकायबाट स्वीकृति लिनुपर्ने कुनै विषय भए सो कार्य लगायतका कानूनी तथा कार्यविधिगत प्रक्रियाहरू एक वर्षभित्र पुरा गर्ने गरी शैक्षिक कार्यक्रम सञ्चालन गर्न स्वीकृतिको सिफारिस गर्नुपर्नेछ।"

४. **<u>मूल नियमावलीको अनुसूची- १ मा संशोधन</u>ः** मूल नियमावलीको अनुसूची- १ मा रहेको दस्तुर र धरौटीमा देहायको व्यवस्था झिकिएको छः-

"दस्तुर र धरौटी महलको तालिकाको क्रम सङ्ख्या १ अन्तर्गत सार्वजनिक विश्वविद्यालयका लागि निवेदन दस्तुर रू. १,००,०००।- र स्वीकृति दस्तुर रू. ५,००,०००।- को व्यवस्था झिकिएको छ।"

५. **<u>मूल नियमावलीको अनुसूची- ४ मा संशोधनः</u>** मूल नियमावलीको अनुसूची- ४ को सट्टा देहायबमोजिमको अनसूची- ४ राखिएको छः-

## "अनुसूची- ४

(नियम १५ को उपनियम (२) सँग सम्बन्धित)

## स्वीकृति पत्रको ढाँचा

स्वीकृति नं...

बागमती प्रदेश सरकार

... मन्त्रालय

हेटौंडा, मकवानपुर

### स्वीकृति-पत्र

प्रदेश उच्च शिक्षा परिषद्को मिति ... को सिफारिस भए अनुसार बागमती प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति ... को निर्णय बमोजिम उच्च शिक्षा ऐन, २०७८ र प्रदेश उच्च शिक्षा नियमावली, २०७९ ले दिएको अधिकार प्रयोग गरी ... लाई सार्वजनिक विश्वविद्यालय/सामुदायिक विश्वविद्यालय/मानित विश्वविद्यालय/स्वायत्त प्रतिष्ठानको रूपमा स्थापना र सञ्चालन गर्नको लागि देहायका शर्तबमोजिम हुने गरी यो स्वीकृति पत्र प्रदान गरिएको छ। यस विश्वविद्यालय/प्रतिष्ठानको उत्तरोत्तर प्रगतिको कामना गर्दछु।

**देहायः**

संस्थाको मूर्त वा अमूर्त सम्पत्तिको हकभोग तथा स्वामित्व हस्तान्तरण, दर्ता, सम्वन्धन तथा सम्झौता पुनरावलोकन एवं सङ्घीय कानूनबमोजिम सम्बन्धित नियामक निकायबाट स्वीकृति लिनुपर्ने कुनै विषय भए सो कार्य लगायतका कानूनी तथा कार्यविधिगत प्रकृयाहरू एक वर्ष (मिति.........) भित्र पुरा गर्ने गरी संस्थाको स्वीकृत विधानबमोजिमका शैक्षिक कार्यक्रम सञ्चालन गर्नुपर्ने।

**आज्ञाले,**

**डा. भीष्मकुमार भूषाल**

**प्रदेश सरकारको सचिव**



आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश, हेटौंडामा मुद्रित।

मूल्य रू. ५।-